निर्णय नं. १

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

रामेछाप नगरपालिकाको १७ औं नगरसभाबाट स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमहरु मध्ये विभिन्न वडा तथा विषयगत शाखाहरुबाट आयोजना तथा कार्यक्रमहरुको संशोधनका लागि कार्यपालिका बैठक समक्ष पेश हुन आएको सन्दर्भमा पेश भए बमोजिम संलग्न आयोजना तथा कार्यक्रमहरु संशोधन गर्न स्वीकृतिका लागि नगरसभाको १८ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

रामेछाप नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित आय, वास्तविक आय, वार्षिक बजेट तथा खर्चको हालसम्मको विवरण स्वीकृतिका लागि नगरसभाको १८ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

रामेछाप नगरपालिका अन्तर्गतका लेखा समिति, विधायन समिति लगायत सबै विषयगत समितिहरुबाट पेश भएको हाल सम्मको प्रगति प्रतिवेदन सम्बन्धित समितिका संयोजकहरुबाट प्रस्तुत गर्ने गरी नगरसभाको १८ औं अधिवेशन समक्ष पेश गर्न स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. ५

रामेछाप नगरपालिकाको कार्यसञ्चालनलाई प्रभावकारी बनाउन, उपलब्ध स्रोत साधनको परिचालन एवं प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारीता ल्याई आर्थिक अनुशासन कायम गर्न तथा उत्पादनमुलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्ने सन्दर्भमा प्रस्तावित रामेछाप नगरपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८२ माथि दफावार छलफल गरी राय सुझाव सहित कार्यपालिकामा पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ६

रामेछाप नगरपालिका ७ नं. वडा कार्यालयको प.सं.०८२/०८३ च.नं.२९४ मिति २०८२/०७/२८ गतेको पत्रका सम्बन्धमा छलफल हुँदा सो वडा स्थित हिलेपानीमा रहेको पुरानो पञ्चायत भवन, साविकको गा.वि.स. भवन र महिला सञ्जालका जिर्ण भवनहरु हटाई ती भवनबाट प्राप्त हुने सामग्रीहरु वडा कार्यालयले सुरक्षित राखे र कानून सम्मत ढंगले प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ७

रामेछाप नगरपालिका वडा नं.७ स्थित नागरिक आरोग्य सेवा केन्द्रमा रिक्त रहेको नागरिक अभियानकर्ता पद संख्या १ (एक)मा करार सेवामा नियमानुसार कर्मचारी पदपूर्ति गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

चौपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

